नेपाल टेलिभिजन

एन.टि.भि. न्यूज च्यानल

# शिलवन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०२।२० गते)

नेपाल टेलिभिजन एन.टि.भि. न्यूज च्यानलमा आर्थिक बर्ष २०७९।०८० को लागि कार्यक्रम समय बिक्री र कार्यक्कम प्रायोजनको लागि यो शिलवन्दी बोलपत्र आव्हान गरिएको छ।

१. बोलपत्र फाराम संस्थानको केन्द्रीय कार्यालय, सिंहदरबार, काठमाण्डौंबाट निम्नानुसार शुल्क बुझाई यो सूचना प्रकाशित भएको मिति देखि २१ औं दिन भित्र कार्यालय समय सम्म खरिद गर्न सकिनेछ। वोलपत्र फारम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ।

बार्षिक रु. २० लाखसम्म न्युनतम रकम तोकिएकोमा प्रति बोलपत्र फारम रु १०००।- (अक्षेरुपी एक हजार मात्र)

बार्षिक रु. २० लाख भन्दा माथि रु २ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति बोलपत्र फारम रु ३,०००।- (अक्षेरुपी तीन हजार मात्र)

बार्षिक रु. २ करोड भन्दा माथि १० करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति बोलपत्र फारम रु ५,०००।- (अक्षेरुपी पाँच हजार मात्र)

बार्षिक रु. १० करोड भन्दा माथि २५ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति बोलपत्र फारम रु १०,०००।- (अक्षेरुपी दश हजार मात्र)

२. बोलपत्रदाताले प्रस्ताव पेश गर्दा कार्यक्रम प्रायोजन र समय बिक्रीको लागि प्रत्येक स्लट वा प्याकेजको लागि छुट्टा छुट्टै शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नु पर्नेछ। प्रत्येक बोलपत्र प्रस्तावको खाम बाहिर कुन स्लटको लागि खरिद गर्ने हो ? स्लट नाम र बोलपत्र नं स्पष्ट उल्लेख गर्नुपर्नेछ।

३. रीतपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले २१ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा संस्थानको केन्द्रीय कार्यालय सिहंदरबार काठमाण्डौंको व्यापार महाशाखामा दर्ता गराईसक्नु पर्नेछ। पेश भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे संस्थान तथा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ। बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन। शिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा बोलपत्र खोल्ने काम गरिनेछ।

४. बोलपत्रदाताले प्रस्ताव साथ बोलकवोल गरेको कुल वार्षिक रकमको २.५% (दुई दशमलव पाँच प्रतिशत) धरौटी बोलपत्र साथ पेश गर्नुपर्नेछ। सो धरौटी बापतको रकम शिलवन्दी बोलपत्र साथ बैक अफ काठमाण्डौं लि. काठमाण्डौंमा रहेको नेपाल टेलिभिजनको चल्ती खाता नं ०१५९००१००६१५५२४ मा जम्मा गरको सक्कल प्रति भौचर वा बोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको स्वीकृत प्राप्त वाणिज्य बैंकबाट जारि हुने bid security पेश गर्नुपर्नेछ। बोलपत्रदाताले छुट्टा छुट्टै बोलपत्रको लागि छुट्टा छुट्टै धरौटी पेश गर्नुपर्नेछ ।

५. TS उल्लेख गरिएको स्लट प्रसारण समय विक्रीको लागि र क्ए उल्लेख गरिएको स्लट नेपाल टेलिभिजनले उत्पादन गर्ने कार्यक्कममा विज्ञापन प्रसारण प्रायोजनको लागि हुनेछ।

६. प्रसारण समय विक्रीको लागि प्रसारण गरिने कार्यक्कमको एक भाग डमी खामभित्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ।

७. बोलपत्र सम्बन्धी बिस्तृत जानकारी (समय स्लट एवं दररेट) का लागि संस्थानको व्यापार महाशाखा सिहंदरबार काठमाण्डौंमा सम्पर्क राख्नु हुन वा नेपाल टेलिभिजनको वेबसाईट www.ntv.org.np हेर्नको लागि अनुरोध छ।

**सम्पर्क फोन नं. ४२००५६५/४२००३४८**

**ब्यापार महाशाखा, सिंहदरबार, काठमाण्डौं**